नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १५५

मितिः २०८२/०८/०२

नेपाल संवत् ११४६

विषयः राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीसँग सेवा आवद्धता सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. २०८२/८३, च.नं. ६०५ मिति २०८२/०७/१६ को राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीसँग सेवा आवद्धता सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.....................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं    फोन नं:- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११२६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२।८३
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६०५

मिति २०८२/०७/१६
ने.सं. ११४६ कछलाथ्व

श्री सर्वोच्च अदालत, रामशाह पथ, काठमाडौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, केशरमहल, काठमाडौं ।
श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाडौं ।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं ।
श्री बैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौं ।

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९८२६
दर्ता मिति:- ६।२८

**विषयः- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीसँग सेवा आवद्धता सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०७/१२ को बैठकबाट (क) वैदेशिक रोजगार सेवासम्बन्धी, (ख) अदालतका मुद्दा व्यवस्थापन सम्बन्धी, (ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमति सेवासम्बन्धी, (घ) स्थानीय तहको पञ्जीकरण, नागरिकता, सामाजिक सुरक्षा, राहत तथा विपद् व्यवस्थापनसम्बन्धी, (ङ) अध्यागमन सेवासम्बन्धी, (च) बन्दीको पहिचान, प्रमाणीकरण तथा बन्दीहरूको विवरणसम्बन्धी क्षेत्र तोकी तहाँ निकायको विद्युतीय प्रणालीमा प्रचलित कानूनले तोकेको सुरक्षा मापदण्ड पूरा गर्ने गरी राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) मा रहेको तथ्याङ्कमा पहुँच उपलब्ध गराउने निर्णय भएको व्यहोरा विदित नै छ।

उपरोक्त निर्णय अनुसार यस विभागबाट उल्लिखित प्रणालीमा रहेको तथ्याङ्कमा पहुँच उपलब्ध गराउने प्रयोजनका लागि तहाँ निकायलाई आवश्यक पर्ने तथ्याङ्कहरूको प्रकृति, प्रणालीमा गर्नुपर्ने सुधार, प्रणालीबीचको सुसंगति (Compatibility), पूर्वाधारको तयारी, तोकिएको सुरक्षा मापदण्ड पूरा गर्नेलगायतका विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ र ऐ. नियमावली २०७७ बमोजिम गर्नुपर्ने तयारी एवम् सो प्रयोजनका लागि यस विभागबाट गर्नुपर्ने समन्वय, सहजीकरण तथा थप कृयाकलापहरुको समेत पहिचान गरी आवश्यक विवरण/जानकारी उपलब्ध गराउनुहुन अनुरोध छ। साथै, त्यस निकायको विद्युतीय प्रणालीसँग राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको आवद्धताका सम्बन्धमा कानुन बमोजिम उल्लेखित नेपाल सरकारको निर्णय कार्यान्वयनको लागि आवश्यक प्रकृया अगाडी बढाउनुहुन आदेशानुसार अनुरोध छ।

**प्रणाली आवद्धताको लागि थप जानकारी एवम् सम्पर्कको लागिः**
कम्प्युटर इन्जीनियर श्री आयुष पन्त, सम्पर्क नं: ९८६८९६९९२८
शाखा अधिकृत श्री देब चन्द्र गतौंला, सम्पर्क नं: ९८५१०९३६८६

(तुलसी प्रसाद दाहाल)
निर्देशक

**अवगतार्थ/बोधार्थः**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्रीमान् महानिर्देशकज्यू, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ।
श्री प्रशासन योजना तथा अनुगमन शाखा/सूचना प्रविधि शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np